नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

## बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-१२ गते बिहान ०७ बजे)**

**आज र भोलि नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदीजलाधार लगायत प्रदेश ५ भई बहने साना नदीमा बहाव सतर्कता आसपास हुने र केहि साना नदीमा खतरा आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।**

### नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कमला, बागमती, नारायणी, पश्चिम राप्तीमा बहाव बढ्दो छ, बबई, कर्णाली, महाकालीमा र यसका सहायक नदीमा बहाव स्थिर छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

### बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : श्रावण-१२ (सोमबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने । नारायाणीको केहि साना सहायक नदीमा बहाव खतरा आसपास हुने । कोशी, कर्णाली , महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । कोशीका केहि साना सहायक नदीमा बहाव सतर्कता आसपास सम्म पुग्न सक्ने ।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई यसका सहायक नदीमा बहाव बढ्दो हुने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती र बबईका केहि सहायक नदीमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, भोजपुर, उदयपुर, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी,बागलुङ, चितवन, नवलपरासी, गुल्मी, अर्घाखाँची, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, सल्यान दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, बझाङ, बाजुरा र आसपास भई बहने केहि साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

पूर्वानुमान भोलि : श्रावण-१३ (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- भोली कोशीमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने । नारायणी, कर्णाली , महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा केहि मात्र तल वा सतर्कता आसपास हुने पूर्वानुमान छ । भोली नारायणीको सहायक नदी कालीगण्डकी र कर्णालीको सहायक नदी भेरीमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान छ ।
- भोलि पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बढ्दो हुने र सतर्कता आसपास हुने । भोली आरूणखोला, पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केहि सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ । भोलि कन्काई,कमला, बागमतीमा पनि बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि गण्डकी प्रदेश, कर्णाली र सु.प. प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र प्रायमा बहाव सतर्कता तह आसपास पुग्ने पूर्वानुमान छ । भोलि चितवन, नवलपरासी, तनहुँ, स्याङजा,कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम,प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर भई बहने साना नदिमा आकस्मिक बहावको उच्च संभावना रहेको छ ।

पूर्वानुमान पर्सी : श्रावण-१४ (बुधबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी,नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने । महाकाली, कर्णाली र नारायणीको केहि साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने ।
- पर्सी कन्काई,कमला,बागमती,पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता भन्दा तलै हुने। कन्काई, कमला, बागमतीका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- पर्सी सबै प्रदेशका चुरे र तराई भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहिमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान छ।

### सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन देशैभरका प्रमुख र मझौला नदीमा बहाव बढ्ने, कोशी, नारायणी, कर्णाली, महाकाली,कन्काई, कमला, बागमती,तिनाउ,पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव बढ्ने तथा बागमती, तिनाउ, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकालीका केहि सहायक नदीमा बहाव सतर्कता आसपास नै हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबईका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्क रहौ । भोलि पश्चिम राप्ती र बबई नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, भोजपुर, उदयपुर, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी,बागलुङ, चितवन, नवलपरासी, गुल्मी, अर्घाखाँची, पाल्पा,रोल्पा, प्यूठान,रुकुम,सल्यान,दाङ,बाँके,बर्दिया, कैलाली, कञ्चनपुर डडेलधुरा,बैतडी, बझाङ, बाजुरा र आसपास भई बहने केहि साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा सतर्क रहौ ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०४-१२, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

देशभर मनसुनी वायुको प्रभाव छ। साथै नेपालको दक्षिण भू-भाग नजिक मनसुन न्युन चापीय रेखा रहेको छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर सामान्य बदली रही प्रदेश १, बागमती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशहरूमा निरन्तर बर्षा भइरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन १२ गते (सोमबार)**

**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।प्रदेश १, बागमती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशहरूका एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको समेत सम्भावना रहेको छ।

**राती :** देशभर सामान्य देखि पुर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती, गण्डकी र प्रदेश ५ का केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन १३ गते (मंगलबार)**

**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सबै प्रदेशका थोरै- थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको समेत सम्भावना रहेको छ।

**राती :** देशभर सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सबै प्रदेशका थोरै- थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको समेत सम्भावना रहेको छ।


**साउन १४ गते (बुधबार)**

**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। छ।प्रदेश १, बागमती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशहरूका केही स्थानहरूमा भारी देखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ।


**राती :** देशभर सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। छ।बागमती, गण्डकी, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशहरूका केही स्थानहरूमा भारी देखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा




*24 Hour Rainfall Forecast Today (9am to 9 am)*





*24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*


5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti（MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**

Nepal; Basin:Ganges; Station:Mainachuli;





Nepal; Basin:Ganges; Station:Devghat;





drag here


Nepal; Basin:Ganges; Station:Chisapani;





Nepal; Basin:Ganges; Station:Butwal;




*9) Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*








| Dates | 7-25 | 7-26 | 7-27 | 7-28 | 7-29 | 7-30 | 7-31 | 8-01 | 8-02 | 8-03 | 8-04 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Percent Exceedance (2-yr) | 102 | 4 | 2 | 20 | 55 | 47 | 24 | 33 | 41 | 25 | 12 |
| Percent Exceedance (10-yr) | 0 | 0 | 0 | 14 | 35 | 25 | 12 | 18 | 25 | 12 | 4 |
| Percent Exceedance (20-yr) | 0 | 0 | 0 | 8 | 27 | 16 | 4 | 10 | 8 | 8 | 0 |

*चित्रः तिनाउको बाढी पुर्वानुमान ।*

*10) Regional Floodoutlook –Ganges-Brahmaputra Basin*

*11) SouthAsia Flash Flood Guidance System (Nepal)*




*Rainfall Forecast for 24 Hour (आगामी २४ घण्टा (विहान ६- विहान ६)को बर्षाको पुर्वानुमान)*

*12) Other Global Flood Forecasts*
*13) Satellite Cloud Picture*
*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल–फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।